# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (२), संख्या ६, हुप्सेकोट, असार ३२ गते सोमबार, २०७५ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

हुप्सेकोट गाउँपालिका

## हुप्सेकोट गाउँपालिकको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५

**प्रस्तावनाः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को छ १० अनुसार घ वर्गको इजाजत पत्र स्थानिय तह बाट नै जारी, नविकरण तथा खारेजी सम्बन्धित स्थानिय तहको भएकोले सो इजाजत पत्रलाई व्यवस्थित गर्न कार्यपालिकाको मिति २०७४।०९।२३ को बैठकको निर्णयानुसार घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र कार्यविधी २०७५ जारी गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रराम्भ

**१. संक्षिप्त नाम र प्रराम्भ :** (१) यस कार्यविधी को नाम "घ वर्ग निमार्ण व्यवसायी इजाजत पत्र कार्यविधी", २०७४ रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा हुप्सेकोट गाउँपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई सम्झाउँछ

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि परिच्छेद ३ सँग सम्वन्धित इजाजतपत्र सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले हुप्सेकोट गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले यस कार्यविधीको दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "कोष" भन्नाले निर्माण व्यवसायी कोषलाई सम्झनु पर्दछ ।

हुप्सेकोट गाउँपालिका

(झ) "ऐन तथा नियमावली" भन्नाले निर्माण व्यवसाय ऐन, २०५५ र नियमावली २०५६ सम्झनु पर्दछ ।

## परिच्छेद-२

## इजाजत पत्रको निति र समिति सम्बन्धी व्यवस्था

**३. इजाजत पत्रको निति र समिति सम्बन्धी व्यवस्थाः**(१) निमार्ण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक निति तयार गर्न देहाय बमोजिमको सार्वजनिक निमार्ण समिति रहनेछ ।

(क) गाउपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) योजना अधिकृत वा योजना शाखा प्रमुख - सदस्य

(घ) लेखा अधिकृत वा लेखा शाखा प्रमुख -सदस्य

(ङ) प्राविधिक तथा निमार्ण शाखा प्रमुख वा निजले तोकेको प्राविधिक - सदस्य सचिव

(२) समितिको बैठिक सम्बन्धी व्यवस्था समिति आफैले निधारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

**४. कार्यन्वयन समिति सम्बन्धी व्यवस्थाः** (१) निमार्ण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा हुप्सेकोट गाउँपालिकालाई आवश्यक सहयोग पुर्‍याउन र छानविन गरी कार्यन्वयन गर्न देहाय बमोजिमको एक कार्यन्वयन समितिको गठन हुनेछ ।

(क) प्राविधिक तथा निमार्ण शाखाका प्रमुख वा तोकिएको प्राविधिक - अध्यक्ष

(ख) प्राविधिक - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको व्यक्ति - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले तोकेबमोजिम हुनेछ ।

हुप्सेकोट गाउँपालिका

## परिच्छेद-३

## इजाजत पत्र सम्बन्धी व्यवस्था

**५. इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेः** सार्वजनिक निमार्ण कार्य गर्न चाहने निमार्ण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाचामा निमार्ण कार्य गर्न इजाजत पत्रको लागि दफा ४ अनुसार गठित समक्ष दरखास्त दिनु पर्नेछ ।

**६. दरखास्त जाचबुझ गर्नु पर्नेः** (१) दफा ५ बमोजिम दरखास्त पर्न आएपछि समितिले त्यस्तो दरखास्तवाला निमार्ण व्यवसायीको आर्थिक तथा प्राविधिक योग्यता जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरण संग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले दरखास्तवाला निमार्ण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ।

**७. इजाजत पत्र दिन सिफारिस गर्नेः** दफा ६ बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निमार्ण व्यवसायीको माग बमोजिम इजाजत पत्र दिन मनासिव देखेमा समितिले दरखास्त परेको मितिले तिस दिन भित्र गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्नेछ ।

**८. इजाजतपत्र दिनु पर्नेः** (१) दफा ७ बमोजिम समितिबाट सिफारिस भई आए पछि त्यस्तो सिफारिस भई आएको मितिले पन्ध्र दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित दरखास्तवाला संग इजाजत पत्र वापत गाउँपालिकाको गाउँ सभाबाट स्विकृत अर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई निजलाई अनुसूची -२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दिइएको इजाजतपत्रको अभिलेख अनुसुची-३ बमोजिमको ढाँचामा अधावधिक गराई राख्नु पर्नेछ ।

**९. इजाजतपत्रको नविकरण सम्बन्धी व्यवस्थाः** (१) दफा ८ को उपदफा १ बमोजिम प्रदान गरिएको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्त्यमा समाप्त हुनेछ ।

(२) उपदफा १ बमोजिम इजाजतपत्रको अवधी समाप्त भएको प्रत्येक निमार्ण व्यवसायीले इजाजतपत्रको अवधी समाप्त भएको मितिले तीन महिना भित्र अनुसुची-४ बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी नविकरणको लागि दरखास्त दिन पर्नेछ ।

(३) उपदफा २ बमोजिम इजाजतपत्र नविकरणको दरखास्त परेपछि अध्यक्षले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा २ बमोजिम म्याद भित्र इजाजतपत्र नविकरण गराउन नसक्ने निमार्ण व्यवसायीले त्यस्तो म्याद नाघेको छ महिना भित्र सो इजाजतपत्र नविकरण गराउन चाहेमा नविकरण दस्तुरको दोब्बर दस्तुर राखी दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम दरखास्त परेपछि अध्यक्षले त्यस्तो इजाजतपत्र उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र नविकरण गरिदिनु पर्नेछ ।

**१०.दर्ता किताबः** (१) समितिले यस कार्यविधी बमोजिम प्रदान गरिएकोइजाजतपत्र अनुसुची-५ बमोजिमको ढाँचामा दर्ता किताब खडा गरी अधावधीक बनाई राख्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको दर्ता किताबमा यो कार्यविधी प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम प्रदान गरिएका इजाजतपत्रको अभिलेख समेत दुरुस्त बनाइ राख्नु पर्नेछ ।

## परिच्छेद-४

## निमार्ण व्यवसायी र दायित्व

**११. घ वर्ग निमार्ण व्यवसायी र दायित्वः** (१) अनुसूची-६ बमोजिमको योग्यता हुनेलाई घ वर्गको निमार्ण व्यवसायी भनिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधी प्रारम्भ हुनु अघि प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त निमार्ण व्यवसायीले जुन वर्गको इजाजतपत्र प्राप्त गरेको छ सोही वर्गमा स्वतः वर्गिकृत भएको मानिनेछ ।

**१२. सार्वजनिक निमार्ण कार्यको विवरण पेश गर्ने दायित्व :** (१) निमार्ण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको विवरण त्यस्तो कार्य गरेको प्रमाण पत्र प्राप्त गरेको पैतिस दिन भित्र अनुसुची -७ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्ने सम्बन्धित निमार्ण व्यवसायीको दायित्व हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि सम्बन्धित निमार्ण व्यवसायीले आफुले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निमार्ण कार्यको एक प्रति विवरण सम्बन्धित कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

(३) समितिले उपदफा १ बमोजिम प्राप्त विवरणको अभिलेख अनुसूची-८ बमोजिम राख्नु पर्नेछ ।

**१३. निमार्ण व्यवसायीलाई समुहीकरण गर्नेः** निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार निमार्ण व्यवसाय नियमावली २०५६ को नियम १० बमोजिम वर्गीकृत निमार्ण व्यवसायीलाई समुहीकरण गर्ने आधार नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## विविध

**१४. सहुलियतमा पैठारी गरिएका सामानको विवरण पेश गर्नु पर्नेः** द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निमार्ण कार्यको लागि प्रचलित कानुन बमोजिम प्राप्त सुविधा अन्तर्गत स्वदेशी वा विदेशी निमार्ण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरण को विवरण अनुसूची- ९ बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१५. कोषमा बुझाउनु पर्ने दस्तुरः** निमार्ण व्यवसाय ऐन-२०५५ को दफा १७को उपदफा २ को खण्ड-ख) को प्रयोजनको लागि निमार्ण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.२० (सुन्य दशमलव दुई सुन्य प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नु पर्योछ ।

**१६. इजाजतपत्रको प्रतिलिपि दस्तुरः** कुनै निमार्ण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउनको लागि तोकिएको दस्तुर दाखिला गर्नु पर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१८. बचाउ तथा खारेजीः** यस कार्यविधीमा भएको कुनै प्रावधान नेपालको संविधान अनुसारको प्रचलित ऐन, नियमावली र प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची - १

**(दफा ५ संग सम्वन्धित)**

**ईजाजतपत्रको लागि दिईने दरखास्त**

श्री कार्यान्वयन समिति

हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालय,

झ्यालबास, नवलपरासी (बर्दघाट, सुस्तापुर्व)।

**विषयः इजाजतपत्र पाऊ भन्ने बारे ।**

हुप्सेकोट गाउँपालिका, घ वर्ग निमार्ण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७5 को दफा 5 बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ :-

हुप्सेकोट गाउँपालिका

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-**

नाम :-   ठेगाना :-

पोष्ट बक्स :-   टेलिफोन न :-

ईमेल :-   फ्याक्स नः-

**२. फर्म वा कम्पनीको प्रकृति**

| | | | |
|---|---|---|---|
| प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-**

नाम थर :-

ठेगाना :-   पोष्ट बक्स :-

टेलिफोन :-   फ्याक्सः-

ईमेल :-

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता न :-   दर्ता मिति :-

अधिकृत पूजी :-   जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-**

**६. समूहीकरण हुन चाहेको समूह :-**

हुप्सेकोट गाउँपालिका

**७. आर्थिक श्रोतको विवरण :-**

| | रकम | वित्तीय सस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिकः-

(ख) अप्राविधिकः-

(ग) अन्यः-

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सिं. नं | नाम तथा वि | दर्ता नं | क्षमता | सख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

दुम्कौली गाउँपालिका

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सिं नं | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३ | बीमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४ | बाँध, नहर, जलाशय, पानी टयाङकी तथा ढल पाईप बिछ्याउने तथा मर्मत सभार | | | |
| ५ | सुरुङ, भूमिगत मार्ग तथा जलाशय (टनेल) तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाईन, निर्माण पावर स्टेशन निर्माण मर्मत सभार | | | |
| ७ | हाइड्रोलिक स्ट्रक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

हुप्सेकोट गाउँपालिका

**११. करचुक्ता गरेको प्रमाण कागजात :-**

क

ख

ग

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाकोः-

दस्तखत :-

मिति :-

द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी सलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

**अनुसूची - २**

**(दफा ८ को उपदफा १ संग सम्बन्धित)**

**ईजाजतपत्र**

इजाजतपत्र नं ........................ मिति :-

हुप्सेकोट गाउँपालिकाको घ वर्ग निमार्ण व्यवसायी ईजाजतपत्र कार्यविधी २०७५ को दफा ८ बमोजिम निर्माण व्यवसाय गर्न स्थित कार्यालय भएको फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएका छ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

ईजाजतपत्र दिनेको, -

दस्तखत :-

नाम :-

मितिः-

कार्यालय :-

हुप्सेकोट गाउँपालिका

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत्त |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसुची-३**

**(दफा ८ को उपदफा २ संग सम्बन्धित)**

**ईजाजतपत्र अभिलेख**

ईजाजतपत्रको क्रम संख्या :-

(अनुसूची-२ मा उल्लिखित क्र.सं. उल्लेख गर्ने)

**खण्ड क**

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कोः-**

(क) नामः-

(ख) ठेगानाः-

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-**

(क) नामः-

(ख) ठेगानाः-

**३. निर्माण व्यवसायकोः-**

(क) दर्ता नं.:-

(ख) दर्ता मितिः-

**४. ईजाजतपत्रकोः-**

(क) वर्गः-

(ख) समूहः-

**५. इजाजतपत्र जारी गरेको शुरु मिति :-**

**खण्ड ख**

**नवीकरण**

| सि.नं. | निवीकरण भएको मिति | ईजाजतपत्र नवीकरण दस्तुरको भौचर नं | नवीकरण बुझाएको मिति | नवीकरण बुझाएको बैंक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**खण्ड ग**

**कार्य अभिलेख विवरण**

| सिं नं | आयोजना कार्यालयको | निर्माण नाम | ठेक्का सम्झौता बमोजिमको | कार्य प्रारम्भ मिति | कार्य सम्पन्न रकम | कार्य समाप्त मिति | सम्बन्धित अधिकारीको दस्तखत | सि न |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**खण्ड घ**

**निर्माण व्यवसायी कोषमा रकम बुझाएको विवरण**

| सिं नं | आयोजना कार्यालयको | निर्माण नाम | ठेक्का सम्झौता नम्बर | ठेक्का बमोजिम रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा बुझाएको रकम | सम्वन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची-४**

**(दफा ९को उपदफा २ संग सम्बन्धित)**

**ईर्जजाजतपत्र नवीकरणको लागि दिईने दरखास्त**

श्री अध्यक्ष ज्यू

कार्यान्वयन समिति

हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट, सुस्ता पुर्व)।

**विषयः "ईजाजतपत्र नवीकरण गरी पाऊ" भन्ने बारे ।**

निर्माण व्यवसाय सञ्चालन गर्ने ईजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

**१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) कोः-**

(क) नाम :-

(ख) ठेगाना :- (ग) पोष्ट बक्स :-

(घ) टेलिफोन नः- (ङ) फ्याक्स न :-

(च) ईमेल :-

हुप्सेकोट गाउँपालिका

**२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयकोः-**

(क) नाम :-

(ख) ठेगाना :-

**३. निर्माण व्यवसायीकोः-**

(क) प्रमाणपत्र नं-

(ख) दर्ता मिति :-

(क) ईजाजतपत्र नं :-

(ख) ईजाजतपत्र जारी भएको मिति :-

(ग) ईजाजतपत्र जारी गर्ने कार्यालय :-

(घ) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता न :-

(ङ) नवीकरण मिति :-

**४.** ईजाजतपत्र नवीकरण दस्तुर/थप दस्तुर बापत रु..................... अक्षरेपी............ जम्मा गरेको ..................... बैंकको सक्कल भौचर यसै साथ सलग्न छ ।

**५.** यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

निवेदक निर्माण व्यवसायीको तर्फबाट दरखास्त दिनेकोः-

नाम :-

पद :-

मिति :

## अनुसुची-५

**(दफा १० को उपदफा १ संग सम्बन्धित)**

**इजाजतपत्र दर्ता किताब**

| **क्र सं** | **इजाजतपत्रको** | | | निर्माण व्यवसायी गर्नेकार्यालयको | | इजाजतपत्र | | प्रमाणित हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | वर्ग | समूह | नाम | ठेगाना | जारी मिति | नवीकरण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

हुप्सेकोट गाँउपालिका

**अनुसुची-६**

**(दफा ११ उपदफा १ सग सम्बन्धित)**

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

**१. आर्थिक क्षमताः** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा एक लाख रुपैयाँको चालु पुँजी देखाई घरेलु उद्योग तथा गा.पा. उद्धोग विकास शाखामा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरणः** सिभिल इन्जिनियरीङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण :**

(क) लेभल (एक थान)

(ख) वाटर पम्प (एक थान)

(ग) भाइब्रेटर (एक थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नया दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**अनुसुची - ७**

**(दफा १२ उपदफा (१) संग सम्बन्धित)**

**सार्वजनिक निर्माण कार्यको विवरण**

श्री अध्यक्ष

कार्यान्वयन समिति

हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट, सुस्तापुर्व)।

**विषयः निर्माण कार्य विवरण पेश गरेको ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम सार्वजनिक निर्माण कार्यको विवरण निम्नानुसार खुलाई पेश गरेको छु ।

**१. निर्माण व्यवसायीकोः-**

(क) नाम :-

(ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**

**३. आयोजना / कार्यालयकोः -**

(क) नाम :-

(ख) ठेगाना :-

**४. निर्माण व्यवसायी तर्फको इन्जिनियरकोः-**

(क) नाम :-

(ख) काम गरेको अवधि :-

(ग) नेपाल ईन्जिनियर्स एसोशियसनको सदस्यता न :-

हुप्सेकोट गाउँपालिका

**५. मुख्य जनशक्तिः-**

(क) प्राविधिक

(ख) अप्राविधिक

**६. ठेक्का सम्पन्न भए बमोजिमको रकम.......................................**

**७ ठेक्का सम्झौता बमोजिमको रकम रु .............................................**

**८. भेरियसन भए नभएको भएको भएः-**

(क) वृद्धि भएको रकम रु ....................................

(ख) कम भएको रकम रु ....................................

**९. निर्माण कार्यको संक्षिप्त विवरण :-**

(क)

(ख)

(ग)

**१०. कार्य समापन प्रमाणपत्र प्राप्त मिति :-**

**११. ईजाजतपत्र नः-**

छाप

दरखास्तवालाकोः-

नाम :-

दस्तखत :-

मिति :

दुल्लुकोट गाउँपालिका

**अनुसुची-८**

**(दफा १२ उपदफा (३) सग सम्बन्धित)**

**सार्वजनिक निर्माण कार्यको विवरण अभिलेख**

| सिं नं | निर्माण व्यवसायीको नाम | ईजाजतपत्र न | निर्माण कार्यको नाम | आयोजना कार्यालयको नाम | आयोजना कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

हुप्सेकोट गाउँपालिका

**अनुसुची - ९**

**(दफा १४ संग सम्वन्धित)**

**सहुलियतमा पैठारी गरिएका सामानको विवरण**

श्री अध्यक्ष ज्यू,

कार्यान्वयन समिति

हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट, सुस्तापुर्व)।

**विषयः विवरण पेश गरेको ।**

निर्माण व्यवसाय ऐन, २०५५ र निर्माण व्यवसाय नियमावली, २०५६ बमोजिम नेपालभित्र सहुलियतमा पैठारी गरिएको सवारी साधन, मेशिनरी औजार तथा अन्य यन्त्र, उपकरणको विवरण निम्न बमोजिम खुलाई पेश गरिएको छ ।

**१. निर्माण व्यवसायीकोः-**

(क) नाम :-

(ख) ठेगाना :-

**२. कार्य योजनाको नाम :-**

**३. ठेक्का सम्झौता नम्बर :-**

**४. सम्झौता अवधि :-**

**५. आयोजना / कार्यालयकोः -**

(क) नाम :-

(ख) ठेगाना :-

**६. सहुलियतमा पैठारी गरिएको सामानहरुको विवरण :-**

| सिं नं | विवरण | नमूना (मोडल) | क्षमता | निर्माण साल | निर्माता कम्पनी | पैठारी गरेको मिति | लागेको महशूल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. सम्झौता बमोजिम सहुलियतमा झिकाउन पाउने सामानहरुको विवरण खुलेको वील अफ क्वान्टीटीको नक्कल यसै दरखास्त साथ पेश गरेको छु ।

यस दरखास्तमा उल्लिखित विवरण ठीक साचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

छाप

दरखास्तवालाकोः -

नाम :-

दस्तखत :-

**प्रमाणिकरण मितिः २०७५/०३/३१**

**राजपत्रमा प्रकाशित मितिः २०७५/०३/३२**

**आज्ञाले,**

**छत्र बहादुर अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**